जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.वि.का.द.नं. ५/०६४/०६५

वर्ष ३०   अंक २६१   २०७८ साल असार २३ गते बुधबार (7 July 2021 Wednesday)   मूल्य रु. ५/-



"सुखी नेपाली सम्वृद्ध नेपालः लैङ्गिक हिंसा मुक्त समाज ।"
"अबको गन्तव्यः लैङ्गिक हिंसा अन्त्य ।"
"तीन तहको सरकारः लैङ्गिक हिंसा अन्त्य सबैको सरोकार ।"
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



**Log on : rajbirajdainik.com.np**



*यस अंक भित्र :* २ पृष्ठमा : संघियताको बाढीमा ... ३ पृष्ठमा : मनसुनी वायुको प्रभावः ... ३ पृष्ठमा :कोभिड १९ नियन्त्रणका ...


# बहुचर्चित रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्रधानमन्त्रीद्वारा शिलान्यास

**दैनिक समाचारदाता**
**राजविराज, २२ असार ।**

सप्तरीका बहुचर्चित एवं प्रतिक्षित रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको राजविराजमा मंगलबार भर्चुअल माध्यमबाट प्रधानमन्त्री केपी शर्मा ओलीले उद्घाटन गर्नु भएको छ ।




लामो समयदेखी जग्गा विवादका कारण निर्माण हुनेमा शंका व्यक्त गरिँदा मंगलबार प्रधानमन्त्रीले उद्घाटन गरे पश्चात् अब स्वास्थ्य विज्ञान प्रतिष्ठान राजविराजमै बन्ने निश्चित समेत भएको छ ।

आयोजित एक कार्यक्रमबीच प्रधानमन्त्री ओलीले प्रतिष्ठान निर्माणको काम पूरा भएपछि सप्तरी जिल्लाको आर्थिक विकासमा ठूलो मद्दत पुग्ने विश्वास ब्यक्त गर्नुभएको छ। उहाँले प्रतिष्ठान संचालनमा आएपछि स्वास्थ्य सेवाका साथै रोजगारीका अवसरहरु समेत सृजना हुने विश्वास व्यक्त गर्नुभयो ।

स्वास्थ्य विज्ञान प्रतिष्ठानका साथै सप्तरीमा रहेको गजेन्द्र नारायण सिंह औद्योगिक क्षेत्रको सुधार, रुपनीदेखी दक्षिणतर्फको फोर लाइन सडक तथा जिल्लाको कृषिमा आधुनिकीकरणका लागि समेत सरकारले काम गरिरहेको जानकारी पनि दिनुभयो ।

प्रधानमन्त्री ओलीले शिलान्यास मन्तव्यकै क्रममा जिल्लाको विकासका लागि सबै राजनीतिक दल, जनप्रतिनिधी तथा सप्तरीवासीलाई एकजुट भई सघाउन आग्रह समेत गर्नुभयो । यता प्रधामन्त्रीले त्यसको शिलान्यास समेत गर्दा अहिले जिल्लामा खुशीयाली छाएको छ ।

प्रतिष्ठान पूर्वाधार तयारी


*बाँकी तीन पृष्ठमा*


## बाढीले बगाएका यूवतीको शव फेला

**दैनिक समाचारदाता**
**राजविराज, २२ असार ।**

महुली खोलामा आएको बाढीले बगाउँदा एक यूवतीको ज्यान गएको छ ।


बाँसको तामा काट्न महुली जंगलतर्फ गएकी सप्तरीको अग्निसाइर कृष्णासवरण गाउँपालिका २ की २२ वर्षिया महाकुमारी साहको महुली खोलाको बाढीले बगाएर ज्यान गएको हो ।

जंगलबाट बाँसको तामा काटेर घर फर्किने क्रममा महाकुमारीलाई महुली खोलाले बगाएको तथा उनीसँगै रहेकी १६ वर्षिया बहिनी आसा भने पौडी खेलेर ज्यान जोगाउन सफल भएको प्रहरीले जनाएको छ ।

बगाएर बेपत्ता बनाएको



*बाँकी तीन पृष्ठमा*






**दुई पाङ्ग्रे सवारी साधनको अगाडी/पछाडी स-साना बालबालिका राखी सवारी साधन चलाउँदा अनिवार्यरुपमा बालबालिकालाई सुरक्षित बेल्टले बाँधी आवश्यकताअनुसार हेल्मेटसमेत लगाईदिने गरौं ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**



# चार चिनियाँ नागरिक पक्राउ

काठमाडौँ, २२ असार (रासस)।

दुर्लभ वन्यजन्तुको अखेटोपहारको अवैध कारोवार तथा जुवातास सट्टेबाजीमा संलग्न रहेको अभियोगमा चार चिनियाँ नागरिकलाई प्रहरीले पक्राउ गरेको छ।

काठमाडौँ महानगरपालिका-१७ ज्याठास्थित जियाङ्यु खाजन होटलबाट गए राति पक्राउ परेका उनीहरूलाई मंगलबार प्रहरीले सार्वजनिक गरेको हो। पक्राउ पर्नेमा काठमाडौँ बालुवाटार बस्ने चीन युनान प्रान्तका जिउ पियुचिङ, काठमाडौँ ठैटी बस्ने चीन हुबे प्रान्तका जिङविङ, हेनान प्रान्ताका निउ युङ र जुआङगदोञ्ज प्रान्तका पियुङ हुई रहेका छन्।

काठमाडौँ महानगरपालिका-१७ ज्याठामा चिनियाँ नागरिक जम्मा भई सम्पत्ति हारजित हुने गरी जुवातास सट्टाबाजी खेलिरहेको भन्ने विशेष सूचनाका आधारमा महानगरीय प्रहरी परिसर टेकु र महानगरीय प्रहरी वृत्त लैनचौरबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको मंगलबार पत्रकार सम्मेलन गरी जनाइएको छ।

सोही क्रममा दुर्भल वन्यजन्तुको अखेटोपहारको अवैध कारोवार र सम्पत्ति हारजित हुने गरी जुवातास सट्टाबाजी खेली खेलाइरहेको फेला परेको प्रहरीले जानकारी दिएको छ। उनीहरूको साथबाट नगद रु आठ लाख ८९ हजार, जुवातास खेल्न प्रयोग गरेको दुई थान विद्युतीय टेबल, जुवातास खेल्न प्रयोग हुने ४१० थान प्लाष्टिकको गोटी, सात थान मोबाइल, एक थान बाघको छालाजस्तो देखिने वस्तु, २० थान गाईको छालाजस्तो देखिने वस्तु र २० थान कस्तुरीको बिनाजस्तो देखिने वस्तु फेला परेको छ।

यस्तै ९०० थान बुद्धचित्त, करिब २० किलो रुद्राक्ष, विभिन्न चिनियाँ बैंकको ३५ थान एटिएम कार्ड, २५० थान भौचर (लेखिएको), ६८ थान भौचर (नलेखिएको), दुई थान बाघको दाँतजस्तो देखिने वस्तु, दुई थान खुकुरी र एक थान तरबार पनि बरामद गरिएको छ। उक्त घटनाका विषयमा अनुसन्धान भइरहेको महानगरीय प्रहरी परिसर काठमाडौँले जनाएको छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# संघियताको बाढीमा डुब्यो मधेसवाद



**ई.कौशल गोपालवंशी**

वि.स. २०७२ साल असोज ३ गते मुलुकले नयाँ संविधान "संघिय गणतान्त्रिक लोकतान्त्रिक संविधान "पयो। यो संविधानको मुल व्यवस्था भनेको नै संघीय प्रणाली हो। संविधान जारी हुने लग्तै देश संघियता मै भयो। देशमा चारैतिर संघियताको बाढी आयो। सिंहदरबार देखि लिएर वडा कार्यलयसम्म संघियताको बाढी आयो।

यसरी आएको संघियताको बाढीले देशको हरेक निकायलाई तीन टुक्रामा बाड्न थाल्यो। संघियताले सरकारी तथा गैरसरकारी निकायलाई मात्र होईन यसले समान पहिचान भएको समुदायहरुलाई पनि ७ टुक्रामा विभाजन गरियो। जसको असर अहिले आएर देखा पर्न थालेको छ। संघियता आएपछि धेरैको अस्तित्वनै हराएको छ। सबैको पहिचानलाई जोगाउनको लागी पहिचान सहितको संघियता ल्याएको नेताहरुको दाबीलाई थियो तर व्यबहारमा ठिक बिपरित देखियो। संघियता आएपछि सबैलाई अपनत्व बोध हुने भनेकोमा आफ्नैबाट पराईतत्वको अनुभुती हुनथालेको छ। संघियता र पहिचानको कुरालाई लिएर मधेस सधै अगाडि आउछ तर संघयताले सबभन्दा बढी मधेसलाई नै क्षति गरेको देखियो। हुन त नेपालमा संघिय शासन प्रणाली हुनुपर्छ भन्ने बिषयमा पहिला देखि नै मधेस/मधेसीको जोड थियो र रहेको पनि छ। पहिचान सहितको समानुपातिक समावेशी संघिय शासन प्रणालीको लागि मधेसीले दिएको बलिदान कसलाई थाहा छैन र।जसले जति बलिदानी दियो त्यसले त्यती अवसर पाउनुको साटो सबभन्दा बढी घाटा मधेसलाई नै पुग्यो। मधेसले संघीयताबाट नेपालमा छुट्टाछुट्टै पहिचान भएको अन्य समुदाय पनि छन भन्ने कुराको स्थापित गर्न पनि खोजेको थियो तर अहिलेको बर्तमान राजनीति अभ्यास देखिँदा यो होला जस्तो नलाग्नुको प्रयाप्त उदाहरणहरु छन। प्रदेशहरुको नामाकरण नै संघीयताको मुल्य मान्यता विपरीत राखेको देखिन्छ। बागमती नदिको लोपहुदै गरेकोले बागमती नाम राखी जनताबाट कहिले नहराउने सिद्धान्तको आधारमा त संघीयता लागू गरेको त होइन हो नि। त्यसै गरि लुम्बिनीलाई संसारमा चिनाउनको कै लागि संघीयता आएको त होईन नि। यदि होईन प्रदेशको नाम लुम्बिनीले संघीयताको सिद्धान्त अनुसार मेल खायो त। त्यसै गरि कर्णाली नदिको नाम लोपहुन बाट बचाउनको लागि संघीयता आएको त होईन नि। यदि होईन भने प्रदेशको नाम कर्णाली किन ? यी नामहरुमा बाट त पहिला अञ्चलको नाम त छदैथियो अनि किन संघीयता लागू गर्नु पर्यो त। संघीयतामा पहिचानको संरक्षण भन्दा पनि पुरानै मोडेलको नक्कल गरेको देखिन्छ। यसरी संघीयताको बाढीमा पहिचान समेत डुब्दै गरेको देखिन्छ। जब कि पहिचान पनि मधेसबादको प्रमुख बिषय मध्येको एउटा प्रमुख बिषय हो। यसरी पहिचान डुब्दा मधेसवाद पनि डुब्दै गरेको देखिन्छ।

संघियताको बाढीले मधेसको २० ओटा जिल्लालाई नै तहसनहस पार्यो। पहिला त यो बाढीले २० जिल्लालाई ६ टुक्रामा तोडियो अनि त्यसपछि यो बाढीको प्रभाव सबै ठाउमा सामान हुनको लागी ५ ओटा सिमाना लगाईयो। यो सिमानाले एक अर्का प्रदेशलाई छुटाईएको छ। यसरी सिमाना लगाउदा एक भुभागबाट अर्कोमा बगेर पनि जान नसक्ने भयो। अब संघियता नामको बाढीलाई ६ ओटा प्रदेश सिमाना नामगरेको बाध ( Dam) बनाएर रोकियो। जसले गर्दा प्रदेशहरुमा संघियताको बाढी आयो। यसरी काठमाडौको सिंहदरबारबाट आएको संघियताको बाढीले प्रदेशको प्रमुख, मुख्यमन्त्री, मन्त्री, सांसद, नगर प्रमुख, वडा अध्यक्ष जस्ता राजनीतिको खुर्सीहरु बगाएर ल्याए। यसरी ल्याएको खुर्सी हेरेर मधेसमा लागी मरि मेट्ने नेता/कार्यकर्ताहरु यी खुर्सीको लागी विलीन भए। जसरी पनि खुर्सी चाहिन्छ भन्ने मनोरोगको सिकार भए। यी खुर्सीको नासामा यिनहरुलाई दुई प्रदेशको सिमाना भित्र बाध बनाएर राखेको थाहा भएन। एउटा प्रदेशमा आफ्नो पहिचान लिएर नै यी खुर्सी समात्न सफल भएर भने कुनै प्रदेशमा यिनीहरू खुर्सी पाउनको लागि आफ्नो पहिचान र परम्परालाई बिर्सेको देखिन्छ। अखिर यो स्वभाविक नै हो। राजनीति त शक्ति कै लागि गरिन्छ यसमा कुनै दुबिधा होईन। राजनीति त सतामा जानकै लागि गरिन्छ।जुनसुकै पार्टी होस सवैको एउटै चाहना हुन्छ कि उसके दुई तिहाई सहितको बहुमतको सरकार बनोस। तर मुलधारको राजनीतिक मुद्दालाई बिर्सेर क्षणिक भरको खुर्सीको लागी आफ्नोपन बिर्सनु त भएन्न नि। यसरी क्षणिक भरको खुर्सीको लोभमा परि आफु दुई बाधको बिचमा बन्धक भई बिस्तारै बिस्तारै डुब्दैगरेको थाहा पनि पाइन्न। यहाँ मात्र डुब्ने कुरा होइन, यहाँ त आफ्ना दाजुभाईसंग पनि सम्बन्धबिच्छेद गराईएको थाहा पाइन्न। खुर्सीको नासामा यती डुबेकि जनकपुर र भैरहवाको दाजुभाइ प्रदेशी भएको पनि थाहा भएन। यसरी अवसरवादीले संघियताको बाढीमा भरपुर व्यक्तिगत फाईदा लिनु बाहेक कुनै काम गरेको देखिन्न।

संघियताको बाढीमा यति मधेसको मुद्दा बोक्नेहरु यति सम्म डुबेको देखे कि जसले मधेस/मधेसी माथि विभेद गर्यो उसैको रथको पाङ्ग्रा बनेर उसलाई रथको राजगद्दीमा बसाएर पुरै मधेसको भ्रमण गराउन लाग्नु भो। सदियो देखी राज्यसताको अपनत्वको गर्न नपाएको मधेसी जनता कहिले आतिएको देखिन्न तर २/३ बर्ष सतामा बस्न नपाएपछि हाम्रा नेतृत्व वर्ग आतिएको देखिन्छ। संघियताको बाढीमा मधेस/मधेसीको समस्याको उत्थान र समाधानको जिम्मा मधेसवादी दलको मात्र हो भन्ने पनि धेरै भेटिन्छ, यिनीहरुको खुर्सीको लागि यतिसम्म तल झरेको देखिन्छ कि यिनीहरुलाई आफ्नो अस्तित्व पनि छ कि छैन भने कुरा पनि थाहा छैन। चाकरी गर्दा गर्दै यिनीहरुको कम्मर भन्दा तलको भाग खिईएर गएको पनि थाहा छैन। कम्मर भन्दा तलको भाग छैन तर पनि अवसर र खुर्सीमा बस्नको लागि चाकरी गर्दैछन। यहाँ चाकरी गर्दा गर्दै खुर्सीमा बस्नेसक्ने अस्तित्व पनि मेटाएको थाहा भएन, तर पनि खुर्सीको लागि अझैसम्म चाकरीवाद गर्न छाड्न्नसकेका छैन। यिनीहरू जनता भन्दा पनि आफ्ना सन्ततिको लागि मधेसी भएर पनि गैर मधेसी जस्तो व्यवहार गर्दैगरेको देखिन्छ। यिनीहरू अवसरवादी हुन। कतिपय व्यक्तिहरुको प्रमुख काम भनेको आफ्नै समुदायलाई गाली गरि मौकाको फाईदा उठाउने गर्दछ।जसले आफ्नो पहिचानको लागि बोलेन त्यो पछि गएर कसैलाई पहचान्दैन (चिन्दैन)। यिनीहरू संघियताको बाढी आउनु भन्दा पहिला देखि नै व्यक्तिगत स्वार्थमा डुबिसकेका व्यक्ति हुन।

संघीयता आएपछि मधेसवादको बिस्तार होला भनेर सबै सर्वसाधारणलाई आश गरेको थियो। तर संघियता आएपछि मधेसवाद अवसरवाद, जातिवाद र नातावादमा परिणत भयो। मधेसवाद भनेको जो जुनसुकै परिस्थितिमा भएपनी मधेस/मधेसी सहित अन्याय परेका समाज/समुदायको हकहितको लागी लड्ने बिचारधारा हो।तर संघीयता लागुहुदा मधेसवादको साटो जे जसरी भए पनि आफ्नो व्यक्तिगत फाईदा, नातागोताको फाईदाको लागि हदैसम्मको लडाई लडेको देखिन्छ। जे जसरी भए पनि आफ्नै मान्छे सवै ठाउमा राख्नु पर्ने जस्तो मनोबिज्ञानले मधेसवाद डुब्दै गरेको देखिन्छ।

खुर्सी र भ्रष्टाचारमा सबै यति सम्म डुबेको छ कि यिनीहरूलाई मधेसवादको बारे बोल्ने त कुरै छोडौ सोच्नेसम्मको फुर्सद छैन। अनि जो खुर्सीमा बस्न पाएको छैन, त्यसले अरुलाई हटाएर, आफू कसरी खुर्सीमा बस्ने भन्ने बाहेकको अरु सोचाई आएको छैन। यसरी संघीयताको बाढीमा सतामा रहेको र नरहेको दुबै पक्षका नेतृत्वकर्ताहरु अहिलेसम्म डुबेको देखिन्छ।

# सवारीसाधनमा जरिवाना नलिइने

जनकपुरधाम, २२ असार (रासस)।

प्रदेश नं २ सरकारले सवारीसाधनमा लाग्ने शुल्क र दस्तुरमा असार मसान्तसम्म जरिवाना नलिने निर्णय गरेको छ। कोरोना सङ्क्रमणको वृद्धिले लागू गरिएको निषेधाज्ञाका कारण सवारी साधनको शुल्क र दस्तुर बुझाउन नसकिएका अवस्थालाई दृष्टिगत गरी मन्त्रिपरिषद्द्वारा सो निर्णय गरिएको हो।

भौतिक पूर्वाधार विकासमन्त्री रामसरोज यादवले निषेधाज्ञाले गर्दा सवारीसाधन सञ्चालनमा नआएको र यातायात कार्यालय पनि बन्द रहेकाले सरकारले जरिवाना छुट दिएको स्पष्ट गर्नुभयो।

# मनसुनी वायुको प्रभावः अझै तीन दिन वर्षा

काठमाडौँ, २२ असार (रासस)।

मनसुनी वायुको प्रभावले हाल मुलुकका विभिन्न स्थानमा बदली र वर्षा भइरहेको छ। हाल प्रदेश नं २ र वाग्मतीमा आंशिकदेखि सामान्य बदली र बाँकी प्रदेशमा सामान्यदेखि पूर्ण बदली तथा १, वाग्मती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिमका केही स्थानमा हल्कादेखि मध्यम वर्षा भइरहेको छ।

काठमाडौँ उपत्यकामा बिहानपख मौसम खुले पनि अहिले आंशिक रूपमा बदली छ। जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार अहिले कर्णाली तथा सुदूरपश्चिममा आंशिकदेखि सामान्य बदली रही देशका बाँकी भूभागमा सामान्यदेखि बदली रहनेछ। प्रदेश नं १, २, वाग्मती, गण्डकी र लुम्बिनीका केही स्थान तथा कर्णाली र सुदूरपश्चिमका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना छ।

राति देशका अधिकाश भूभागमा बदली रहनाका साथै प्रदेश नं १, २, वाग्मती, गण्डकी र लुम्बिनीका थोरै स्थानमा तथा कर्णाली र सुदूरपश्चिमका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना छ। प्रदेश नं १ का एकदुई स्थानमा मेघ गर्जन/चटचाङसहित भारी वर्षाको सम्भावना छ।

बुधबार पनि देशका अधिकांश भूभागमा सामान्यदेखि पूर्ण बदली रहनेछ। प्रदेश नं १, २, वाग्मती, गण्डकी र लुम्बिनीका केही स्थान तथा कर्णाली र सुदूरपश्चिमका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना छ। प्रदेश नं १, २, वाग्मती र गण्डकीका थोरै स्थानमा मेघ गर्जन/चटचाङसहित भारी वर्षाको सम्भावना छ।

बिहीबार पनि यही मौसमी प्रणाली कायम रहनेछ। महाशाखाको पछिल्लो विवरणमा मंगलबार काठमाडौँको अधिकतम ३० र न्यूनतम तापक्रम २१ डिग्री सेल्सियस छ। विराटनगरमा सबैभन्दा बढी ५८ र काठमाडौँमा २८ मिलिमिटर वर्षामापन गरिएको छ।

# १५ कम्पनी कालोसूचीमा

काठमाडौँ, २२ असार (रासस)।

सम्झौतानुसार निर्माण सम्पन्न नगरेको जनाई सरकारले १५ व्यवसायी तथा कम्पनीलाई कालोसूचीमा राखेको छ। विभिन्न कार्यालयका सिफारिशमा सार्वजनिक खरीद अनुगमन कार्यालयले चार कम्पनीलाई दुई वर्ष र एघार कम्पनीलाई एक वर्षका लागि कालोसूचीमा राखिएको जनाइएको छ।

खरीद कार्यालयको सोमबार बसेको बैठकले मंगलबारदेखि लागू हुनेगरी प्रहरी प्रधान कार्यालयको सिफारिशका आधारमा पूजा ट्रेडिङ एण्ड अर्डर सप्लायर्स हेटौँडा तथा डिएमएस बुट इण्डष्ट्रिज बूढानीलकण्ठ, कृषि सामग्री कम्पनी लिमिटेडका सिफारिशमा सैलुङ इन्टरप्राइजेज र मुक्तिनाथ कृषि सामग्री कम्पनीलाई दुईदुई वर्षका लागि कालोसूचीमा सिफारिस गरिएको हो।

कृषि सामग्री कम्पनीले सिफारिश गरेका दुई कम्पनीले तोकिएका समयमा रासायनिक मलको ढुवानी गर्न नसकेपछि कम्पनीले धरौटी रकम जफत गरेर कालोसूचीमा राख्न सिफारिस गरेको थियो। यस्तै फ्रेण्ड्स अर्बिट कन्स्ट्रक्सन सर्भिसेज प्रालि कन्काई झापा, हिमालय कन्स्ट्रक्सन प्रालि सङ्खुवासभा, सन्देश सौगात ट्रेड एण्ड सप्लायर्स विराटनगर, चुन फार्मेसी पोखरा, गुरा निर्माण सेवा जुम्ला, अम्बा स्टोर धरान, नीरज स्टिल फर्निचर उद्योग लहानलगायत एघार कम्पनीलाई एक वर्षका लागि कालोसूचीमा राखिएको छ।

सार्वजनिक खरीद ऐन, २०६३ को दफा ६३ को उपदफा (१) बमोजिम मङ्सिर १६ गतेदेखि लागू हुने गरी एक वर्षका अवधिसम्म कालोसूचीमा राखिएको हो। कालोसूचीमा परेका कम्पनीले तोकिएको अवधिसम्म (कालोसूचीमा राखिएको समयसम्म) सरकारी निकायको कुनै पनि खरीद तथा निर्माणका कार्यमा भाग लिन पाउने छैनन्। कालोसूचीमा राख्नुभन्दा अगाडि सम्झौता भएका कार्य भने निरन्तरता हुने कार्यालयले जनाएको छ।

# प्रतिनिधिसभा पुनःस्थापना हुनेमा विश्वस्त छु : दाहाल

धनुषा, २२ असार (रासस)।

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले प्रतिनिधिसभा पुनःस्थापना हुने विश्वास व्यक्त गर्नुभएको छ। धनुषा निवासी माओवादी केन्द्रका केन्द्रीय सदस्य महादेव यादवका निधनमा श्रद्धाञ्जलि दिन मंगलबार जनकपुरधाम आउनुभएका अध्यक्ष दाहालले सर्वोच्च अदालतमा बुझाइएको १४६ सांसदको हस्ताक्षरका आधारमा अदालतले नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउन परमादेश जारी गर्ने बताउनुभयो।

प्रतिनिधिसभा विघटनसम्बन्धी मुद्दा हाल सर्वोच्च अदालतमा विचाराधीन छ। पक्ष, विपक्ष र एमिकस क्युरीको बहस सकिएपछि मुद्दा हेर्दाहेर्दैमा राखेर अर्को पेशी असार २८ गतेका लागि तोकिएको छ। अध्यक्ष दाहालले प्रधानमन्त्रीले अदालतलाई अनावश्यक दबाब दिन खोजेको आरोप पनि लगाउनुभयो।

अर्को प्रसङ्गमा अध्यक्ष दाहालले संविधान त्रुटिपूर्ण रहेको स्वीकार्दै संशोधनका पक्षमा आफू रहेको स्पष्ट गर्नुभयो। उहाँले प्रदेश नं २ को नाम मधेश रहनुपर्ने पनि बताउनुभयो।

अध्यक्ष दाहालले दिवङ्गत पार्टी केन्द्रीय सदस्य यादवका पार्थिव शरीरमा दलको झण्डा ओढाएर श्रद्धाञ्जलि अर्पण गर्नुभयो। धनुषाको शहीदनगर नगरपालिका-१ बालाबाखरका नेता यादव लामो समयदेखि अर्बुदरोगबाट पीडित हुनुहुन्थ्यो। उहाँ जनयुद्धका बेलादेखि नै माओवादीमा सक्रिय हुनुहुन्थ्यो।

# निर्वाचन आयोगले इजलासमार्फत जसपाको आधिकारिकता टुङ्ग्याउने

काठमाडौँ, २२ असार (रासस)।

सत्ता समीकरणका दौरानमा दुई धारमा विभाजित जनता समाजवादी पार्टी नेपाल (जसपा) भित्रको विवाद थप चुलिँदै गएको छ। पार्टी अध्यक्ष महन्थ ठाकुरले नेतृत्व गरेको समूह र अर्का अध्यक्ष उपेन्द्र यादवले नेतृत्व गरेको समूहले निर्वाचन आयोगमा आधिकारिकतालाई लागि दिएको निवेदनमा केही समयअघि दुवै समूहलाई आधिकारिकता दिइएको थिएन।

पछि दुवै समूहले आधिकारिकता दावी गर्दै आयोगलाई थप ध्यानाकर्षण गराएका थिए। जसपाको विवाद निरुपण सन्दर्भमा आयोगले मंगलबार जसपाका यादव र ठाकुर दुवैसहितका नेतालाई बोलाएर छलफल गरेको छ। पार्टीको आधिकारिकता विवाद हल गर्न आयोगले बोलाएको संयुक्त बैठकमा दुवै पक्षका नेता विभाजित हुन सहमत भएका छन्। जसपाको आधिकारिकताबारे आयोग अब एक साताभित्र इजलास गठन गरी कानून व्यवसायीको परामर्श लिएर ठोस निष्कर्षमा पुग्ने छ।

जसपाका नेता केशव झाका अनुसार आयोगले दुवै पक्षको धारणा लिएको र त्यसमा उहाँहरुले भिन्नभिन्न रुपमा पार्टीलाई अघि बढाउने अवधारणाका साथ धारणा व्यक्त गर्नुभएको छ। बैठकमा अध्यक्ष यादवले एउटै पार्टी दुई तरिकाले चल्न नसक्ने जनाउँदै अहिलेको अवस्थामा सँगै बस्ने स्थिति नभएकाले आगामी प्रक्रिया चाँडो टुङ्गो लगाइदिन आयोगलाई आग्रह गर्नुभएको थियो।

अर्का अध्यक्ष ठाकुरले पार्टी एकता आफूहरुको कार्यसूची भएको र परिवर्तनकारी शक्ति, उत्पीडित शक्तिका हितमा पार्टीलाई अघि बढाइने भए पनि त्यस किसिमको वातावरण नरहेको जनाउँदै आयोगले पार्टीको आधिकारिकताबारे चाँडो टुङ्गो दिनुपर्ने धारणा राख्नुभएको थियो।

### *बहुचर्चित रामराजा ...*

विकास समितिका निर्देशक डा. रन्जित झाले ११ अर्ब ९८ करोडको लागतमा निर्माण हुन लागेको आयोजनाको निर्माण कार्य तिब्र गतिमा बढाउने र पाँच वर्ष भित्र सम्पन्न गरि संचालनमा ल्याई सकिने लक्ष्य रहेको जानकारी दिनुभयो।

२०७५ भदौं १ गते प्रधानमन्त्री ओलीले प्रदेश २ को प्रदेश सभालाई सम्बोधन गर्दै राजविराजमा गणतन्त्रवादी नेता रामराजा प्रसाद सिंहको नाउँमा मेडिकल कलेज स्थापना गर्ने घोषणा गर्नुभएको थियो। सोही अनुसार राजविराज नगरपालिकाले वडा नं. १० दिघवास्थित हुलाकी राजमार्ग छेउमा ६२ विगहा जग्गा उपलब्ध गराएको थियो। तर, उक्त जग्गा यसअघि नै नगरपालिकाले कृषि हाट बजारका लागि लिजमा दिइसकेको भन्दै स्थानिय एक सहकारी संस्थाले दाबी गरेपछि जग्गा विवाद उत्पन्न भई प्रतिष्ठान निर्माण अन्यौलमा परेको थियो।

यसैबीच जनता समाजवादी पार्टीको तर्फबाट भूमि, व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रीमा नियुक्त भएका लक्ष्मणलाल कर्णले पद वहाली गरे लगत्तै उक्त जग्गा प्रतिष्ठानको नाममा स्वीकृत गरेपछि प्रतिष्ठान निर्माणको बाटो सहज भएको हो।

### *बाढीले बगाएका ...*

महाकुमारीको इलाका प्रहरी कार्यालय महुली र कंचनपुरको संयुक्त टोलीले खोजि गर्दै जाँदा साँझ ६ बजेतिर वेपत्ता भएको स्थानबाट करिब २ सय मिटर टाढा पश्चिम खोलाको दोभानमा मृत शरीर फेला परेको डिएसपी माधव प्रसाद काफ्लेले बताए।

यता प्रहरीले अहिलेको अवस्थामा नदी, खोला, पोखरी, नहर, कुलो तलाउ आदि स्थानमा नजान समेत सबैसँग आग्रह गरेका छन्।

## विश्व समाचार

# कोभिड १९ नियन्त्रणका लागि जर्मनीले विदेशी पर्यटकमाथि लगाएको प्रतिबन्ध हट्ने

**बर्लिन/२२ असार (रासस/एएफपी)।**

जर्मनीले कोभिड-१९ का कारण बेलायती, पोर्चुगाली, रूसी भारतीय र नेपाली पर्यटकलाई लगाएको यात्रा प्रतिबन्ध बुधबारदेखि हट्ने भएको छ।

दुबै खोप लगाइसकेका र कोभिड-१९ सङ्क्रमण नरहेका पर्यटकहरूले जर्मनी पुगेपछि क्वारन्टीनमा समेत बस्नु नपर्ने बर्लिनले जनाएको छ। यद्यपि खोप नलगाएका व्यक्तिको सम्बन्धमा भने १० दिनसम्म क्वारन्टीनमा बस्नुपर्ने छ। खोप नलगाएका व्यक्तिले पनि क्वारिन्टीनमा बसेको पाँचौं दिनमा परीक्षण गर्दा कोभिड-१९ सङ्क्रमण नपाइएमा उनीहरूलाई स्वतन्त्र हिँडडुल गर्न दिइने पनि जर्मनीको प्रशासनले बताएको छ।

बेलायत, पोर्चुगल, रूस, भारत र नेपाललाई हालसम्म कोभिडको 'डेल्टा' र 'डेल्टा प्लस' भाइरसको प्रकार फैलिएका कारण कोभिडको महामारीजन्य जोखिमयुक्त मुलुकका रूपमा वर्गीकरण गरिएको थियो। सुरुमा भारतमा पहिचान भएको कोभिडको 'डेल्टा' प्रजातीलाई विश्व स्वास्थ्य संगठनले अति जोखिमयुक्त प्रजातीका रूपमा वर्गीकरण गरेको छ।

महामारी नियन्त्रणका लागि ती मुलुकका नागरिकका लागि यात्रा प्रतिबन्ध लगाइएको भएपनि जर्मनीका नागरिक वा स्थायी बासिन्दाहरूमाथि प्रतिबन्ध लागु गरिएको थिएन तर उनीहरू जर्मनी प्रवेश गर्दा १४ दिन क्वारन्टीनमा बस्नुपर्ने व्यवस्था भने गरिएको थियो।

यी पाँच राष्ट्रहरूलाई अब सङ्क्रमितहरूको सङ्ख्या अझै उच्च रहेको देशका रूपमा वर्गीकृत गरिने त्यहाँको स्वास्थ्य निकायले जनाएको छ।

# अपहरणमा परेका २२ विद्यार्थीलाई प्रहरीले अपहरण मुक्त गर्‍यो

**लागोस/२२ असार (रासस/सिन्ह्वा)।**

नाइजेरियाको एक विद्यालयबाट अपहरणमा परेका २७ जना बालबालिकालाई सकुशल अपहरणमुक्त गरिएको छ। नाइजेरियाको उत्तरपश्चिमी प्रान्त कादुनाबाट अपहरणमा परेका ती बालबालिकालाई प्रहरीले अपहरणमुक्त गरेको बताएको छ। उनीहरुलाई सकुशल अपहरण मुक्त गराइएको प्रहरीले जानकारी दिएको छ।

प्रहरीले दिएको जानकारी अनुसार नाइजेरियाको दामिसी नगरको एक विद्यालयबाट अपहरणमा परेका उनीहरुलाई मुक्त गरिएको हो। सो विद्यालष्यबाट उनीहरुलाई सोमबार अज्ञात व्यक्तिहरुले अपहरण गरेका थिए। साथै त्यहाँबाट अरु पनि कैयौं विद्यार्थी अपहरणमा परेका थिए।

उनीहरुलाई अपहरण गर्ने योजनाका साथ ती अज्ञात व्यक्तिहरु हतियारसहित पुगेका थिए। उनीहरुले सो विद्यालयका सुरक्षा गार्डलाई गोली प्रहार गरेर विद्यालय भित्र छिरेका र अपहरण गरेका थिए।

छात्रबासमा रहेका विद्यार्थीलाई अपहरण गरिएको प्रहरीले जनाएको छ। बाँकी विद्यार्थीलाई पनि अपहरणमुक्त गराउनका लागि प्रहरीले प्रयास गरिरहेको जनाएको छ।

# जापानमा पहिरोमा परी मारिएकाप्रति राष्ट्रसंघीय महासचिवद्धारा दुःख व्यक्त

**संयुक्त राष्ट्रसंघ/२२ असार (रासस/सिन्ह्वा)।**

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटर्रेसले जापानमा हालै आएको बाढी र पहिरोमा परी नागरिकको ज्यान गएको घटनाप्रति दुःख व्यक्त गर्नुभएको छ।

राष्ट्रसंघीय महासचिव गुटर्रेसका प्रवक्ताले सोमबार एक विज्ञप्तिमार्फत् सो कुराको जानकारी दिनुभएको छ। उहाँले महासचिव गुटर्रेसले सो घटनाले आफूलाई दुःखी बनाएको बताउनुभएको प्रकाशित विज्ञप्तिमा जनाइएको छ।

महासचिव गुटर्रेसका प्रवक्ता स्टेफान डुजारिकद्धारा जारी सो विज्ञप्तिमा महासचिव गुटर्रेसले उक्त पहिरोमा परी ज्यान गुमाएका व्यक्तिप्रति श्रद्धाञ्जलि व्यक्त गर्नुभएको छ र घाइतेहरुहरुको स्वास्थ्य लाभको कामना पनि गर्नुभएको छ।

यस्तो अप्ठेरो परिस्थितिमा महासचिव गुटरेसले आफू र संयुक्त राष्ट्रसंघ जापान सरकार र जापानी नागरिकको पक्षमा रहेको पनि बताउनुभएको छ। जापानको आतमी प्रिफेक्चरमा हालैको अविरल वर्षा र त्यसपछिको पहिरोमा परी दुई जनाको निधन भएको थियो भने अरु २० जना अहिले पनि हराइरहेका छन्।

तीन दिनअघिको सो पहिरोमा परी हराएका व्यक्ति अब भने भेटिने आश नरेको जापानको उद्धारकर्ताहरुले जनाएका छन्।

# साउन १ देखि अवैध मोबाइलहरु नचल्ने

**दैनिक समाचारदाता**
**राजविराज, २२ असार ।**

यही आउदै गरेको साउन १ गते देखि 'अवैध मोबाइल' मोबाईलहरु सरकारले नचल्ने बनाउँने भएको छ ।

'अवैध' रूपमा नेपाल भित्रिएका मोबाइलहरुलाई अवैध भनिएको हो । जुन साउन एक गतेदेखि नचल्ने भएका छन् ।

यस नियमका कारण विदेशबाट निजी प्रयोगका रूपमा वा उपहार पाएर मोबाइल भित्राउनेहरू त्रसित छन् ।

तर, नेपाल दूरसञ्चार प्राधिकरणका अनुसार राज्यलाई राजस्व छलेर नेपाल भित्रिने मोबाइल-सेटलाई नियन्त्रण गर्ने प्रयोजनका लागि मात्र यो व्यवस्था लगाइएकाले अरूले डराउनुपर्दैन ।

आपराधिक क्रियाकलाप नियन्त्रण गर्न र राज्यलाई राजस्वसमेत बढाउन यस्तो नियम कडाइका साथ लागू गर्न लागिएको प्राधिकरणका प्रवक्ता सन्तोष पौडेलले जानकारी दिए ।

पौडेलका अनुसार विदेशबाट सीधै खरिद गरेर ल्याइएका मोबाइललाई प्राधिकरणको अनलाइनमा रजिस्टर गरेपछि मात्रै सञ्चालनमा आउनेछन् । रजिस्टर गरेन भने सेवामा रहँदैन । रजिस्टर गर्न तपाईले शुल्क तिर्नुपर्छ ।

हाल चलिरहेका मोबाइललाई यो नियम कडाइका साथ लागू नभए पनि साउन एक गतेपछि सञ्चालनमा आउने मोबाइलमा यो नियम कडाइका साथ लागू हुनेछ ।

नेपालमा खरिद गरिएका मोबाइलमा नेपाल भित्र्याउने कम्पनीले रजिस्टर गर्ने हुँदा त्यसको सबै जानकारी प्राधिकरणसँग हुने र बाहिर-बाहिर ल्याइएका मोबाइलको कुनै जानकारी नहुँदा त्यस्ता मोबाइलबाट आपराधिक क्रियाकलापसमेत हुने गरेको र त्यसको नियन्त्रणका लागि मोबाइल रजिस्ट्री अनिवार्य गरेको प्राधिकरणले जनाएको छ ।

अहिलेसम्म चलेका मोबाइल दर्ताभन्दा पनि अब नयाँ भित्रिने मोबाइलमा केन्द्रित भएर काम गरेको प्रवक्ता पौडेलको भनाइ छ । तर दर्ता गर्छु भनेर आउँनेलाई सरकारले सेवा दिनेछ ।

# टिपरले ठक्कर दिँदा साइकलयात्रीको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २२ असार ।**

पूर्वपश्चिम राजमार्ग अन्तरगत सप्तरीको कञ्चनरुपमा सडक खण्डमा मंगलबार दुर्घटना हुदा एक महिलाको घटनास्थलमै मृत्यु भएको छ ।

सो खडकखण्ड अन्तरगत कञ्चनरुप नगरपालिका ११ स्थित बेङ्गरी चोकमा पश्चिमबाट पुर्व तर्फ आउदै गरेको स.१क. २८० टिप्परले सोही वडा बस्ने बर्ष ४० वर्षिया साईकल यात्री कौसिला चौधरीलाई ठक्कर दिदा घटनास्थलमै मृत्यु भएको हो ।

यता ठक्कर दिने टिपर र टिपर चालक रुपनी गाउँपालिका वडा नं ५ बस्ने श्रवण यादवलाई ईलाका प्रहरी कार्यालय कन्चनपुरले नियन्त्रणमा लिएको तथा घटना बारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।




## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न निःशुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## राजविराज नगरपालिकाको कार्यालय, सप्तरी




नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु → ipay remit, CITY EXPRESS MONEY TRANSFER, Best Remit Quick & Easy, PRABHU Money Transfer, रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम, IME International Money Express, himal remit हिमालरेमिट, CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np